# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७९/०८०

## अत्यन्त जरुरी सूचना

*(प्रकाशित मितिः-२०८०/०२/२९)*

मरिण गाउँ कार्यपालिकाको कार्यालयमा मरिण गाउँपालिका क्षेत्र भित्र पर्ने मरिण खोला लगायतका अन्य सहायक खोलाहरुमा केही व्यक्ति तथा समूहहरुबाट विद्युतीय झट्का (करेन्ट), विषादीजन्य एवं विस्फोटक पदार्थको प्रयोग गरी माछा मार्ने कार्य भइरहेको भन्ने व्यापक जनगुनासो आएको हुँदा उल्लिखित कानुन विपरितका कार्यलाई पूर्णरुपमा रोक लगाई निरुत्साहित गरिएकोले गैर कानुनी रुपमा माछा मार्ने कार्य नगर्न र नगराउन हुन यसै सूचना मार्फत् अवगत गराईन्छ ।

यस्ता कानुन विपरितका कार्यको नियमन तथा नियन्त्रण गर्न गाउँ कार्यपालिकाको कार्यालयले ड्रोन क्यामेरा मार्फत् एवं नगर प्रहरी परिचालन गरि निगरानी बढाएको छ । यदि मरिण खोला लगायतका अन्य सहायक खोलाहरुमा गैर कानुनी रुपमा माछा मार्ने कार्य गरेको पाईएमा शून्य सहनशीलता अपनाई कानुन बमोजिम कडा कार्वाही हुने र सोको लागि सम्बन्धित निकायमा सिफारिस समेत गरिने व्यहोरा सूचित गरिन्छ ।

२०८०/०२/२९

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत